स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



करिब ५ वर्षअघि अभिनेत्री पूजा शर्माले गरेको एउटा घोषणाले उनका प्रशंसकलाई समेत निराश तुल्यायो। उनले आफूले निर्माण तथा अभिनय गरेको फिल्म "रामकहानी"को गीत सार्वजनिक कार्यक्रममा विवाहपछि फिल्ममा काम नगर्ने उद्घोष गरेकी थिइन्। अबको २-३ वर्षपछि विवाह गर्ने र त्यसपछि सुशील बुहारी भएर बस्ने उनको भनाइ थियो। यसबारे उनले एक अन्तर्वार्तामा समेत भनेकी छन्, "विवाहपछि म यो लाइन छाड्छु।

**आजको विचार...**



भूराजनीतिक...
*(दुई पेजमा)*

गणेश अम्गाई



बिहीबार काठमाडौंको बाँसबारीस्थित रामालय इभेन्ट्समा अभिनेता प्रदीप खड्का र अभिनेत्री सनिशा भ राईले औंठी साटासाट गर्दै इन्गेजमेन्ट गरे। तर, उनीहरूको इन्गेजमेन्ट वास्तविक भने थिएन। नयाँ फिल्म "शुभ विवाह"को घोषणा कार्यक्रमलाई रोचक बनाउन निर्माण टिमले फरक शैली अपनाएको थियो, जुन कार्यक्रमको मुख्य आकर्षण रह्यो। फिल्ममा प्रदीप र सनिशा जोडी बनेर प्रस्तुत हुनेछन्। यो उनीहरूको पहिलो सहकार्य हो। फिल्ममा हरिहर शर्मा, बसुन्धरा भुसाल, लगायतको पनि अभिनय रहनेछ।

❐ वर्ष ३२ ❐ अंक ३० ❐ २०८३ साउन ३० गते शनिबार 15 August 2026, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### अमेरिका–इरान द्वन्द्व चर्किंदै

काठमाडौं, साउन २९/अमेरिका र इरानबीच जारी द्वन्द्व थप चर्किंदै गएको छ । अमेरिकी रक्षा मन्त्री पिट हेगसेथले इरानविरुद्ध लगाइएको नौसैनिक नाकाबन्दी आवश्यक परे 'अनिश्चितकालसम्म' जारी राख्न सकिने बताएका छन् ।

अमेरिकी उपराष्ट्रपति जेडी भान्सले पनि इरानसँगको द्वन्द्वमा वासिङ्टनका प्रमुख उद्देश्यबारे स्पष्ट पारेका छन् । उनका अनुसार अमेरिकी नागरिकका लागि ऊर्जाको मूल्य स्थिर राख्नु, इरानलाई आणविक हतियार प्राप्त गर्नबाट रोक्नु तथा वर्तमान द्वन्द्वबाट अमेरिकालाई अझ बलियो अवस्थामा पुर्‍याउनु वासिङ्टनका मुख्य प्राथमिकता हुन् । तर, इरानले भने हर्मुज जलडमरूमार्गमा समुन्द्री यातायात सामान्य रूपमा सञ्चालन भइरहेको अमेरिकी दाबी अस्वीकार गरेको छ । इरानी सेनाले आफ्नो अनुमति नलिई कुनै पनि जलपोत वा जहाजलाई उक्त रणनीतिक जलमार्गबाट पार हुन नदिइने दाबी गरेको छ । यसैबीच, हर्मुज जलडमरूमार्ग हुँदै यात्रा गरिरहेका अबु धाबी नेसनल आयल कम्पनीका दुईवटा जलपोतलाई लक्षित गरी आक्रमण भएको छ। *-एजेन्सी*

# दुर्घटना र विपद्को कहर : २३ जनाको मृत्यु

***वर्षायाममा सडक दुर्घटना तथा प्राकृतिक विपद्को जोखिम बढ्ने भएकाले सतर्कता अपनाउन सम्बन्धित निकायले सर्वसाधारणलाई आग्रह गरेका छन् ।***

**हाम्रा संवाददाता**

**पाल्पा,** साउन २९/ देशका विभिन्न स्थानमा भएका सडक दुर्घटना तथा प्राकृतिक विपद्का घटनामा परी २३ जनाको मृत्यु भएको छ । विहीबार र शुक्रबार भएका छुट्टाछुट्टै दुर्घटना र विपद्का घटनामा परी उनीहरूको ज्यान गएको हो ।




केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सवारी दुर्घटनामा ३ जना, डुबेर २ जना, करेन्ट लागेर २ जना, चट्याङबाट १ जना र मृत अवस्थामा ४ जनाको ज्यानको गएको हो । यस्तै पहिरोबाट ११ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । घटनामा केही व्यक्ति घाइते भएका छन् भने कतिपयको अवस्था गम्भीर रहेको बताइएको छ । काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-९ डाँछीस्थित सडकमा बा.प्र.०१-००२ ज ९५८८ नम्बरको माइक्रोको ठक्करबाट ७० वर्षीय शंखर प्रसाद कुईकेलको मृत्यु भएको छ । गम्भीर घाइते कुईकेलको शंखरापुर अस्पताल नारायणटारमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । माइक्रो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै सर्लाहीको कबिलासी नगरपालिका-१० सलेमपुरमा बीआर ०१ जेए २७०४ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा २५ वर्षीय रामशंकर माझीको मृत्यु भएको छ । गम्भीर घाइते माझीको नेशनल मेडिकल कलेज वीरगन्जमा उपचारका क्रममा मृत्यु भएको हो । त्यस्तै, काभ्रेको पाँचखाल नगरपालिका-४ तामाघाट बजारमा बा.प्र.०१-०१६ प ७३१८ नम्बरको स्कुटर दुर्घटना हुँदा ४० वर्षीय रबी सिमखडाको मृत्यु भएको छ ।

गम्भीर घाइते सिमखडाको धुलिखेल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यसैगरी दाङको तुलसीपुर उपमहानगरपालिका-९ अटोभिलेज नजिक नहरमा डुबेर चार वर्षीय शुसिल विकको मृत्यु भएको छ । उता कञ्चनपुरको कृष्णपुर नगरपालिका-२ बाणीस्थित मछली खोलामा पौडी खेल्ने क्रममा डुबेर १६ वर्षीय आदेश लुहारको पनि मृत्यु भएको छ । नुवाकोटको ककनी गाउँपालिका-१ जलकिनीका ४८ वर्षीय आइत राम बलामीको विद्युतको पोलबाट करेन्ट लागेर घटनास्थलमै मृत्यु भएको छ ।

धनुषाको नगराइन नगरपालिका-८ खिरखिरियाका २५ वर्षीय सितेस कुमार दासको खेतमा विद्युतीय मोटरबाट पानी लगाउने क्रममा करेन्ट लागेर मृत्यु भएको हो । यस्तै रोल्पाको लुङ्ग्री गाउँपालिका-१ खदरका ५९ वर्षीय वीरबहादुर खत्रीको चट्याङ लागेर मृत्यु भएको छ । आफ्नै घरमा बसिरहेका बेला चट्याङ लागेर गम्भीर घाइते भएका खत्रीको स्थानीय स्वास्थ्य चौकी पाङमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

यसैबीच नवलपरासी पूर्वको हुप्सेकोट गाउँपालिका-४ झ्यालबासका ५५ वर्षीय कृष्णबहादुर झेंडी मगर गिरुबारी खोला किनारमा मृत अवस्थामा फेला परेका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

## अवैध लागूऔषधसहित ११ जना पक्राउ



**पाल्पा,** साउन २९ /देशका विभिन्न स्थानबाट अबैध लागुऔषसहित ११ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार चितवन, कास्की, दाङ, भक्तपुर, तनहुँ, झापा, कैलाली र सुनसरीबाट प्रहरीले अबैध लागुऔषसहित ११ जना पक्राउ गरेको हो ।

चितवनको रत्ननगर नगरपालिका-३ का २५ वर्षीय आशिष पुरी र रत्ननगर-७ बागमाराका ३८ वर्षीय दिनेश सुनारलाई खैरो हेरोइनजस्तो देखिने पदार्थ २ ग्राम ७ सय ३० मिलिग्राम र नगद २७ हजार रुपैयाँसहित पक्राउ गरिएको छ । कास्कीको पोखरा महानगरपालिका-२ बाग्लुङ बसपार्कबाट धनकुटा घर भई पोखरा-२५ हेम्जा बस्ने २३ वर्षीय मनोज लिम्बु डाईजेपाम, नोर्फिन र फेनारगन ४/४ एम्पुलसहित पक्राउ परेका छन् । *(बाँकी अन्तिम पेजमा...)*

## पाल्पामा भन्सार छली ल्याइएका सामानसहित दुई जना पक्राउ

**पाल्पा, साउन २९**/पाल्पा प्रहरीले भन्सार छली गरी ल्याइएका करिब चार लाख ६५ हजार रुपैयाँ बराबरका विभिन्न विद्युतीय सामानसहित दुई जनालाई पक्राउ गरेको छ । सिद्धार्थ राजमार्गअन्तर्गत तिनाउ गाउँपालिका-३, पेडाँडामा शुक्रबार बिहान प्रहरी चौकी दोभानबाट खटिएको प्रहरी टोलीले नियमित चेकजाँचका क्रममा सामानसहित दुई जनालाई नियन्त्रणमा लिएको हो ।




प्रहरी नायव उपरीक्षक (डीएसपी) भिमलाल भट्टराईका अनुसार बुटवलबाट पोखरातर्फ जाँदै गरेको गण्डकी प्रदेश ०४-००१ ख ०१२३ नम्बरको ईभी गाडीलाई शंका लागेर जाँच गर्ने क्रममा भन्सार छली गरी ल्याइएको विभिन्न विद्युतीय तथा इलेक्ट्रोनिक सामान फेला परेको थियो । प्रहरीका अनुसार बरामद सामानमा टाटा कम्पनीका चार थान एसी सेट, सोही कम्पनीका छ थान टेलिभिजन, एग्रो पाइन रिलिभ एक थान र एलजी बार साउण्ड एक थान रहेका छन् । बरामद गरिएका सबै सामानको अनुमानित मूल्य चार लाख ६५ हजार रुपैयाँ रहेको प्रहरीले जनाएको छ । सामानसँगै प्रहरीले गाडीका चालक वालिङ नगरपालिका-५ का ३७ वर्षीय यामबहादुर सार्की र सामानधनी नवलपरासी(पूर्व) गैंडाकोट नगरपालिका-५ का ३७ वर्षीय दिनेशलाई नियन्त्रणमा लिएको छ । प्रहरीले भन्सार छली गरी ल्याइएका सामानको स्रोत तथा भन्सारसम्बन्धी कागजातका विषयमा आवश्यक अनुसन्धानसमेत अघि बढाएको जनाएको छ । प्रारम्भिक चेकजाँचका क्रममा सामानसँग सम्बन्धित आवश्यक भन्सार प्रक्रिया पूरा नभएको पाइएपछि उनीहरूलाई नियन्त्रणमा लिइएको प्रहरीको भनाइ छ । डीएसपी भट्टराईका अनुसार बरामद सामान तथा नियन्त्रणमा लिइएका दुवै जनालाई आवश्यक कानुनी कारबाहीका लागि भन्सार कार्यालय रुपन्देही पठाइएको छ । भन्सार कार्यालयले सामानको थप परीक्षण तथा मूल्याङ्कन गरी प्रचलित कानुनअनुसार आवश्यक प्रक्रिया अघि बढाउनेछ । सिद्धार्थ राजमार्ग हुँदै हुने अवैध ओसारपसार नियन्त्रण गर्न प्रहरीले पछिल्लो समय चेकजाँचलाई थप कडाइ गर्दै आएको जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

सम्पादकीय

# दु:खद् घटनाबाट पाठ सिकौँ

पछिल्लो केही दिन यता नेपालमा धेरै ठाउँहरूमा बाढी पहिरोले मानवियसँगै भौतिक क्षति पुर्‍याएका समाचारहरु आइरहेका छन् । रोल्पाको थबाङ गाउँपालिका ५ उवा कोरलबाटा गाउँमा बुधबार गएको पहिरोमा परी १० जनाको ज्यान गएको छ भने ३ जना बेपत्ता भएका छन् । बाजुराको ताम्सुमा पहिरोमा परी एक जनाको ज्यान गएको छ भने २ जना घाइते भएका छन् । उता जाजरकोटमा बाढीबाट ५ घर बगेका छन् । यी पछिल्ला घटनाले फेरि एकपटक प्रश्न उब्जाएका छन् । नेपालमा वर्षा प्राकृतिक प्रक्रिया हो, तर वर्षासँगै हुने जनधनको क्षति धेरै हदसम्म मानवीय तयारीको प्रश्न पनि हो । पहिरो, बाढी र सडक अवरोधका कारण केही दिनमै कैयौँ परिवार विस्थापित भएका छन्, घरगोठ बगेका छन् र अमूल्य जीवन गुमेका छन् । यी घटना केवल दु:खद समाचार मात्र होइनन्, विपद् व्यवस्थापनमा हाम्रो कमजोरीको ऐना पनि हुन् ।

वर्षा अझै जारी रहने हो भने यस्ता घटना अन्यत्र पनि दोहोरिन सक्छन् । हरेक वर्ष मनसुनमा पहिरो र बाढीका यस्ता घटना दोहोरिन्छन् । घटना भएपछि प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी र स्थानीयवासी उद्धारमा जुट्छन् । उनीहरूको साहस र सेवाभाव प्रशंसनीय छ । तर राज्यको भूमिका उद्धार टोली घटनास्थलमा पठाएर मात्र पूरा हुँदैन । प्रश्न के हो भने जोखिममा रहेका बस्ती पहिचान गर्न, सम्भावित पहिरोको पूर्वानुमान गर्न, समयमै सूचना दिन र नागरिकलाई सुरक्षित स्थानमा सार्न हामीले कति तयारी गरेका छौँ ? विपद् व्यवस्थापनको मूल मन्त्र 'घटना भएपछि उद्धार' होइन, 'घटना हुनुअघि जोखिम घटाउने' हुनुपर्छ । जोखिमयुक्त बस्तीको वैज्ञानिक अध्ययन, भू-उपयोगको कडाइ, सुरक्षित स्थानको पहिचान, वर्षामापन तथा पूर्वसूचना प्रणालीको विस्तार र स्थानीय तहको आपत्कालीन क्षमता अभिवृद्धि अब विकल्प होइन, अनिवार्यता हो । विशेषगरी दुर्गम पहाडी बस्तीमा सञ्चार, विद्युत्, सडक र उद्धार उपकरणको वैकल्पिक व्यवस्था नहुँदा सामान्य विपद् पनि ठूलो मानवीय संकटमा परिणत हुने गरेको छ । प्राकृतिक विपद् पूर्णरूपमा रोक्न नसकिए पनि त्यसबाट हुने मानवीय क्षति घटाउन सकिन्छ । त्यसका लागि घटना घटेपछि शोक व्यक्त गर्नेभन्दा पहिले नै जोखिम पहिचान गर्ने राज्य चाहिन्छ । हेलिकोप्टर र उद्धार टोलीको प्रतीक्षा गर्ने अवस्थाभन्दा स्थानीय समुदायमै प्रारम्भिक उद्धार क्षमता विकास गर्ने नीति चाहिन्छ । बाढी र पहिरोले सडक काटेपछि विकल्प खोज्नेभन्दा वर्षायाम सुरु हुनुअघि नै वैकल्पिक व्यवस्थाको तयारी गर्ने प्रशासन चाहिन्छ । रोल्पा, जाजरकोट र बाजुराका घटनामा गुमेका जीवन फर्काउन सकिँदैन । तर उनीहरूको मृत्युबाट पाठ सिकेर भविष्यका क्षति घटाउन सकिन्छ । यसतर्फ सबैको ध्यान जाओस् ।

## Opinion @ Social Network

म जिम्मेवारीको गल्ली मै अल्भिरहेको छु,
रहरको शहर पुग्न त शायद पुरै जिन्दगी सकिने हो कि ।
*(गणेश जि.सी.को फेसबुक स्टाटसबाट www.facebook.com/Ganesh.G.C.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुले हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भूराजनीतिक द्वन्द्व र विश्वव्यापी व्यवस्थाको सङ्कट



**गणेश अम्गाई**

वर्तमान विश्व निरन्तर बढ्दो भूराजनीतिक प्रतिस्पर्धा, क्षेत्रीय द्वन्द्व र शक्ति राष्ट्रहरूको स्वेच्छाचारी व्यवहारका कारण गम्भीर सङ्कटबाट गुज्रिरहेको स्थिति छ । राज्यहरूको सार्वभौमसत्ता, राष्ट्रिय सुरक्षा र असीमित महत्वाकांक्षाका कारण स्थापित अन्तर्राष्ट्रिय कानुनका मान्यताहरू ओझेलमा परेका देखिन्छन् । विश्वव्यापीकरणको युगमा पनि जलवायु परिवर्तन, सूचना प्रविधिको दुरुपयोग, मानवतस्करी, र हतियारको तीव्र प्रतिस्पर्धाले मानव सभ्यतालाई नै ठूलो जोखिममा पारेको छ । यी बहुआयामिक चुनौतीहरूले साना, अल्पविकसित र भूपरिवेष्टित राष्ट्रहरूको अस्तित्व, सार्वभौमिकता र अधिकारमाथि ठूलो प्रश्नचिह्न खडा गरिदिएका छन् । विद्यमान अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूको अत्यन्त फितलो कार्यान्वयन, शक्तिशाली मुलुकहरूको दोहोरो मापदण्ड र बहुपक्षीय निकायहरूको असफलताले विश्व व्यवस्थालाई थप अराजक बनाएको छ । संयुक्त राष्ट्रसै जस्ता विश्वव्यापी संस्थाहरूको संरचनागत कमजोरी र भिटो शक्ति प्रयोगको स्वार्थी प्रवृत्तिले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको ग्यारेन्टी गर्न सकेको छैन । परम्परागत भूराजनीतिक खिचातानीका साथै कृत्रिम बौद्धिकता, साइबर आक्रमण र बाह्य अन्तरिक्षको सैन्यीकरण जस्ता आधुनिक चुनौतीहरूले कानुनको शासनलाई नै पूर्ण चुनौती दिएका छन् । यस विषम अवस्थामा अन्तर्राष्ट्रिय कानुनको निष्पक्ष पालना र विश्वव्यापी सहकार्य बिना दिगो शान्ति, सुशासन र विकास सम्भव छैन ।

**शक्ति सैन्य र अन्तर्राष्ट्रिय निकायको असफलता**

विश्व राजनीतिमा बहुवीयता र शक्ति राष्ट्रहरूको बढ्दो ध्रुवीकरणले अन्तर्राष्ट्रिय कानुनको व्यावहारिक प्रभावकारितालाई झनै कमजोर बनाएको छ । संयुक्त राष्ट्रसै सुरक्षा परिषद्मा भिटो प्रयोग गर्ने विशेष अधिकार भएका शक्तिशाली राष्ट्रहरूले आफ्नै स्वार्थ अनुकूल निर्णय गर्दा बहुपक्षीय प्रणालीमाथि ठूलो प्रहार भएको छ । यसले गर्दा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने प्रमुख निकाय नै असहाय र निष्प्रभावी जस्तै बनेको छ । शक्तिशाली राष्ट्रहरूले आफू अनुकूल अन्तर्राष्ट्रिय नियमको व्याख्या गर्ने र प्रतिकूल हुँदा कानुनको उल्लैन गर्ने स्पष्ट दोहोरो मापदण्ड अपनाएका छन् । अन्तर्राष्ट्रिय फौजदारी अदालत र अन्तर्राष्ट्रिय न्याय अदालत जस्ता सर्वोच्च न्यायिक निकायहरूले गरेका निर्णयहरू पूर्ण रूपमा कार्यान्वयन हुन नसक्नुले न्याय प्रणालीको निष्पक्षता र वैधतामाथि गम्भीर प्रश्न उठाएको छ । साना र कमजोर राष्ट्रहरूले मात्र कानुनको पालन गर्नुपर्ने तर शक्तिशालीहरूले उन्मुक्ति पाउने प्रवृत्तिले विश्व व्यवस्थालाई असुरक्षित बनाएको छ । विभिन्न सैनिक गठबन्धनहरूको तीव्र विस्तार र गैर-राज्य पक्षहरूको उदयले सुरक्षा चुनौतीलाई अझ जटिल र भयावह बनाएको छ । आतङ्कवादी समूह, निजी सैन्य कम्पनी र संगठित अपराध सञ्जालहरूलाई अन्तर्राष्ट्रिय कानुनको दायरामा ल्याउन विद्यमान कानुनी संरचनाहरू अपर्याप्त सिद्ध भएका छन् । यसले परम्परागत राज्य-केन्द्रित कानुनको सीमालाई नाघेर विश्वभर नयाँ सुरक्षा संवेदनशीलता सिर्जना गरेको छ । एकपक्षीय आर्थिक प्रतिबन्धहरूको बढ्दो प्रयोगले सर्वसाधारण नागरिकहरूको आधारभूत मानव अधिकारमाथि गम्भीर र नकारात्मक असर पारेको छ । शक्ति राष्ट्रहरूले आर्थिक, व्यापारिक र वित्तीय संयन्त्रहरूलाई रणनीतिक हतियारको रूपमा प्रयोग गर्दा विश्व व्यापार संगठनको नियम आधारित व्यापार प्रणाली तहसनहस भएको छ । यसले संरक्षणवादलाई बढावा दिनुका साथै विकासोन्मुख राष्ट्रहरूको आर्थिक समृद्धिको बाटो पूर्ण रूपमा छेकेको छ । अन्ततः, मानव अधिकार र मानवीय सहायताका नाममा हुने बाह्य हस्तक्षेपले राष्ट्रिय सार्वभौमसत्ता र आन्तरिक मामिलामा गैर-हस्तक्षेपको सिद्धान्तलाई कमजोर बनाएको छ । नागरिक संरक्षण गर्ने जिम्मेवारीको अन्तर्राष्ट्रिय अवधारणालाई कतिपय अवस्थामा राजनीतिक स्वार्थ पूर्तिका लागि दुरुपयोग गरिएको छ । यस गलत अभ्यासले अन्तर्राष्ट्रिय कानुनको मूल भावना र विश्वव्यापी मान्यतालाई नै ठूलो आघात पुर्‍याएको छ ।

**उदीयमान प्रविधि र जलवायु सङ्कटको असर**

आधुनिक सूचना प्रविधिको तीव्र विकासले अन्तर्राष्ट्रिय कानुनको परम्परागत दायरालाई ठूलो चुनौती र जटिलता थपिदिएको छ । कृत्रिम बौद्धिकता, स्वचालित हतियार प्रणाली र घातक साइबर हमलाहरूले आधुनिक युद्धको स्वरूप नै परिवर्तन गरिदिएका छन् । यस्ता आधुनिक प्रविधिको दुरुपयोगबाट हुने क्षति र त्यसको कानुनी जवाफदेही निर्धारण गर्ने स्पष्ट विश्वव्यापी कानुनको अभावमा नयाँ जोखिमहरू सिर्जना भएका छन् । भ्रामक सूचना युद्ध र गलत समाचारको तीव्र प्रवाहले लोकतान्त्रिक प्रक्रिया र राष्ट्रिय सुरक्षामा गम्भीर खलल पुर्‍याएको छ । विदेशी हस्तक्षेपका रूपमा निरन्तर हुने डिजिटल आक्रमणहरूले नागरिकहरूको व्यक्तिगत गोपनीयता र राज्यको सार्वभौमसत्तालाई सङ्कटमा पारेका छन् । यस्ता प्रविधिमा आधारित अपराधहरू सीमाविहीन हुने भएकाले यिनलाई रोक्न प्रभावकारी अन्तर्राष्ट्रिय सहयोगको अभाव स्पष्ट देखिएको छ । जलवायु परिवर्तन र तीव्र वातावरणीय विनाशले मानिसहरूको विस्थापन र शरणार्थी सङ्कटलाई झनै तीव्रता दिएको छ । समुद्रको सतह निरन्तर बढ्दै जाँदा साना टापु राष्ट्रहरूको अस्तित्व नै संकटमा परेको छ भने वातावरणीय शरणार्थीहरूलाई कानुनी संरक्षण दिने स्पष्ट अन्तर्राष्ट्रिय ढाँचा अझै बन्न सकेको छैन । जलवायु सङ्कटको मुख्य कारक धनी राष्ट्रहरू भए पनि यसको प्रत्यक्ष मार गरिब र साना राष्ट्रहरूले खेप्नु परेको छ । बाँडफाँड गरिएका नदी र प्राकृतिक स्रोतहरूको उपयोगमा हुने सीमापार विवादले क्षेत्रीय तनावलाई झनै बढाएको छ । उपल्लो तटीय र तल्लो तटीय राज्यहरूबीच जलस्रोतको न्यायोचित बाँडफाँड हुन नसक्दा र एकपक्षीय बाँध निर्माणले गर्दा अन्तर्राष्ट्रिय जल कानुनको कार्यान्वयनमा ठूलो समस्या देखिएको छ । यसले भविष्यमा पानीका लागि हुनसक्ने सम्भावित द्वन्द्वको जोखिमलाई ह्वात्तै बढाएको छ । बाह्य अन्तरिक्षको सैन्यीकरण र भूउपग्रहका अवशेषहरूको व्यवस्थापन अर्को ठूलो उदीयमान विश्वव्यापी चुनौती बनेको छ । अन्तरिक्षको व्यापारिक र सैन्य प्रयोजनका लागि होडबाजी गर्ने थलो बनाइदा अन्तरिक्ष कानुनका पुराना मान्यताहरू अपर्याप्त भएका छन् । वैज्ञानिक खोजलाई सबैको साझा हितमा प्रयोग गर्नुको सट्टा शक्ति प्रदर्शनको माध्यम बनाउनु अत्यन्तै चिन्ताजनक विषय हो ।

**साना तथा अल्पविकसित राष्ट्रका चुनौती**

भूपरिवेष्टित र अल्पविकसित राष्ट्रहरूले अन्तर्राष्ट्रिय समुद्री कानुन र पारवहन अधिकारको पूर्ण उपभोग गर्न पाएका छैनन् । छिमेकी वा तटीय राष्ट्रहरूमाथि निरन्तर निर्भर रहनुपर्ने बाध्यता र पूर्वाधारको अभावले गर्दा उनीहरूको निर्वाध समुद्री पहुँचको अधिकार कुण्ठित भएको छ । यसले गर्दा उनीहरूको अन्तर्राष्ट्रिय व्यापार, आर्थिक गतिविधि र विकासको गति सुस्त बनेको छ । मानवतस्करी, सीमापार अपराध र शरणार्थी समस्याले साना र क्षमताहीन राष्ट्रहरूमाथि थप अतिरिक्त भार थपेको छ । कमजोर सीमा सुरक्षा र कानुनी संयन्त्रको फाइदा उठाउँदै संगठित अपराधीहरूले आपराधिक गतिविधि सञ्चालन गरिरहेका छन् । यसलाई नियन्त्रण गर्न अन्तर्राष्ट्रिय समुदायबाट पाउनुपर्ने आवश्यक सहयोग र समन्वय अझै पनि पर्याप्त हुन सकेको छैन । सांस्कृतिक अधिकार, आदिवासी र अल्पसङ्ख्यक समुदायहरूको भूमिमाथिको अधिकारको रक्षा अझै पनि चुनौतीपूर्ण बनेको छ । अन्तर्राष्ट्रिय घोषणापत्रहरू भए तापनि तीव्र आर्थिक विकासका नाममा स्थानीय समुदायको विस्थापन हुने क्रम रोकिएको छैन । यसले मानव अधिकारको विश्वव्यापी दायरा र स्थानीय वस्तुगत वास्तविकताबीच ठूलो खाडल रहेको प्रस्ट पार्दछ । विभिन्न जल क्षेत्रहरूमा भइरहेको सीमा विवाद र समुद्री क्षेत्रको अस्वाभाविक दाबीले अन्तर्राष्ट्रिय समुद्री कानुनको खुला अवहेलना गरेको छ । विशेष आर्थिक क्षेत्रको अधिकार र जल क्षेत्रको सार्वभौमिकतालाई लिएर भएका विवादहरूले साना छिमेकी राष्ट्रहरूको सुरक्षामा खतरा उत्पन्न गराएको छ । शक्तिको बलमा सीमा मिच्ने प्रवृत्तिले कानुनी मान्यताहरूलाई पूर्ण रूपमा ओझेलमा पारेको छ । संक्षेपमा, वर्तमान विश्वव्यापी समस्याहरूले अन्तर्राष्ट्रिय कानुनको तत्काल सुधार र पुन:संरचनाको आवश्यकतालाई जोड दिएका छन् । साना र अल्पविकसित राष्ट्रहरूको नैसर्गिक अधिकारको रक्षा नगरीकन विश्वमा दिगो शान्ति स्थापित हुन सक्दैन । त्यसैले, अन्तर्राष्ट्रिय समुदायले साना राष्ट्रहरूको आवाजलाई गम्भीरतापूर्वक सुन्न र उनीहरूलाई न्याय दिलाउन विशेष पहल गर्नु आवश्यक छ ।

**निष्कर्ष र सुधारका भावी कदमहरू**

वर्तमान विश्वमा देखिएका जटिल भूराजनीतिक तनाव, मानव अधिकारको उल्लैन र प्रविधिजन्य चुनौतीहरूलाई समाधान गर्न अन्तर्राष्ट्रिय कानुनको पुनरुत्थान अपरिहार्य छ । नियम आधारित विश्व व्यवस्थालाई जोगाउनका लागि शक्ति राष्ट्रहरूले दोहोरो मापदण्ड त्यागेर निष्पक्ष रूपमा कानुनको पालना गर्नुपर्छ । बहुपक्षीयताको मूल मर्म अनुसार अन्तर्राष्ट्रिय संस्थाहरूलाई बलियो, पारदर्शी र समावेशी बनाउनु नै आजको प्रमुख आवश्यकता हो । संयुक्त राष्ट्रसैको सुरक्षा परिषद्‌मा भिटो प्रयोगको अधिकारलाई पूर्ण रूपमा सीमित वा परिमार्जन गर्ने गरी संरचनागत सुधार गरिनुपर्छ । अन्तर्राष्ट्रिय अदालतहरूका निर्णयलाई बाध्यकारी बनाउने मजबुत कानुनी र व्यावहारिक संयन्त्रको विकास गरिनुपर्छ । कृत्रिम बौद्धिकता, साइबर सुरक्षा र बाह्य अन्तरिक्षको प्रयोगका सम्बन्धमा नयाँ विश्वव्यापी सन्धिहरू निर्माण गरी द्रुत गतिमा लागू गरिनु आजको माग हो । अल्पविकसित तथा भूपरिवेष्टित राष्ट्रहरूको निर्बाध पारवहन र विकासको अधिकारलाई ग्यारेन्टी गर्न अन्तर्राष्ट्रिय समुदायले विशेष ध्यान दिनुपर्छ । जलवायु न्यायका लागि बढी प्रदूषण गर्ने प्रमुख राष्ट्रहरूले आर्थिक क्षतिपूर्ति दिने र प्रविधि हस्तान्तरण गर्ने प्रतिबद्धता पूरा गर्नुपर्छ । साना राष्ट्रहरूले पनि आफ्नो अधिकारका लागि संयुक्त रूपमा आवाज उठाउने र कूटनीतिक सामर्थ्य बढाउने रणनीति अपनाउनुपर्छ । अन्ततः, विश्वव्यापी शान्ति र समृद्धिका लागि कानुनको सर्वोच्चतालाई आत्मसात् गर्नुको अर्को कुनै विकल्प छैन । शक्तिको होडबाजीलाई त्यागेर संवाद, सहकार्य र कानुनी मर्यादाको मार्गमा फर्कनु नै सम्पूर्ण मानव सभ्यताको हितमा हुनेछ । अन्तर्राष्ट्रिय कानुनलाई केवल कागजी दस्तावेजमा मात्र सीमित नराखी व्यवहारमा उतारेर मात्र हामी एउटा न्यायपूर्ण र सुरक्षित विश्वको निर्माण गर्न सक्छौं ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ काम सुरु गर्ने सोच बन्नेछ। व्यक्तिगत रूपमा उत्साह थपिनेछ। | **तुला**: काम अघि बढ्नेछ। विद्यार्थीलाई शिक्षकको सुझाव काम लाग्नेछ। |
| **वृष** : घरको कुनै काम पूरा हुनेछ। कारोबारमा सानो फाइदा मिल्न सक्छ। | **वृश्चिक** : काममा नयाँ जिम्मेवारी आउन सक्छ। आत्मविश्वास बढ्नेछ। |
| **मिथुन** : काममा प्रशंसा पाउने मौका छ। स्वास्थ्यमा आरामलाई प्राथमिकता दिनुहोस्। | **धनु** : टाढाबाट राम्रो खबर आउन सक्छ। व्यापारमा बाहिरी सम्पर्क उपयोगी बन्नेछ। |
| **कर्कट** : आज खर्चसँग जोडिएको निर्णय लिनुपर्नेछ। काममा व्यस्तता बढ्नेछ। | **मकर** : कामको चाप केही बढ्नेछ। आम्दानी बचाउने नयाँ उपाय भेटिन सक्छ। |
| **सिंह** : पढाइमा ध्यान केन्द्रित गर्न सजिलो हुनेछ। स्वास्थ्यमा पानीको मात्रा बढाउनुहोस्। | **कुम्भ**: व्यापारमा सहकार्यको प्रस्ताव आउन सक्छ। शरीर फुर्तिलो बनाउनेछ। |
| **कन्या** : काम टङ्ग्याउने अवसर मिल्नेछ। आर्थिक हिसाब मिलाउन सहज हुनेछ। | **मीन** : आर्थिक लाभको सानो अवसर मिल्न सक्छ। पढाइमा उत्साह बढ्नेछ। |

# साहित्य दर्पण

निबन्ध ● भीष्म उप्रेती

## जोयल

आँखाभरि सपना बोकेको अट्ठाईस वर्षे किर्गिज ठिटो, मेरी साथी ऐसाल्किन इमानालिएभाको भाइ र मेरो आठ दिने बिस्केक बसाइको अभिन्न मित्र पनि । इन्टरनेशनल पेनको अस्सीऔँ सम्मलेनमा भाग लिन बिस्केक जाँदा किर्गिस्तानी साथी ऐसाल्किनको पाहुना भएँ । नेपालबाट सबै तयारी सकेर हिँड्नु ठिक अघिल्लो दिन ऐसाल्किनले लेखिन् - 'म बिजनेश ट्रिपमा बिस्केक बाहिर जाँदैछु ठिक तिमी आउने बेलामा । मलाई माफ गर है, प्लिज ।' बिलखबन्दमा परेको मलाई ऐसाल्किनले उनको भाइको जिम्मा लगाइन् । यसरी जोयल २०१४ को २४ सेप्टेम्बरदेखि २ अक्टुबरसम्म मेरो साथी, मेरो गाइड र मेरो निर्देशक समेत भएको थियो । एयरपोर्टबाट राति साडे नौ बजे किएभास्काया सडकमा ट्याक्सीबाट ओर्लेपछि जोयलले सोही सडक छेउमा रहेको १६१ नं. घरको ३४ नं. अपार्टमेन्टमा लिएर गयो । मेरो सुटकेश बोकेर ऊ अघिअघि हिँडिरह्यो । सानो हातेब्याग बोकेर चूपचाप म उसको पछिपछि लागेँ । उसले मेरो लागि छुट्याएको कोठामा सुटकेश राख्यो र बाथरूम, भान्छाकोठा तथा इन्टरनेट सम्बन्धी सामान्य जानकारी गरायो बिस्तारैबिस्तारै । मसँग जोयलसँग सोध्ने उत्सुकताहरू थिए तर ऐसाल्किनले जोयल अङ्ग्रेजी जान्दैन भनेकीले उसलाई खासै केही सोधिनँ । तर जति नसोध्ने भनेपनि केही न केही कुरा नगर्दा त फेरि बाक्लो मौनताले हामीलाई छोप्ने डर पनि छँदैथियो । जोयलले तातो कफी बनायो दुई कप । यसैगरी, उसले अम्लेट बनायो र पाउरोटी टोस्ट गर्‍यो । मैले उसलाई नियालि मात्र रहेँ यी सबै गरुन्जेल । ऊ स्वचालित यन्त्रझैँ सबै गर्दै गयो । यसपछि ऊ भान्छाबाट निस्कियो र ल्यापटप बोकेर आयो । म सँगैको अर्को कुर्सीमा बसेर गुगल कन्भर्टर खोल्यो । त्यसपछि उसले रूसी भाषामा लेख्यो । मैले त्यसलाई अङ्ग्रेजीमा पढेँ र अङ्ग्रेजीमै जवाफ लेखेँ । जोयलले त्यसलाई रूसी भाषामा पढ्यो । यसरी हामीले एकछिन कुरा गर्‍यौँ । उसले नेपालको बारेमा सामान्य सोध्यो । त्यसपछि भोलिको कार्यक्रम बनायौँ हामीले । बिहान ऊ अलि ढिला उठ्दो रहेछ । त्यो पनि भन्यो । संवादको यो प्रक्रिया निकै झन्झटिलो थियो । यसले सामान्य दोहोरो कुरा गर्न पनि धेरै समय लगाउँथ्यो, तर सम्वाद नै नगर्नुभन्दा त यो तरिका उत्तम थियो । त्यसो त जोयल किर्गिज, रूसी, कज्जाक भाषा राम्ररी बोल्ने गर्थ्यो । ऊ कोरियाली भाषा पनि पढिरहेको थियो । कोरियालीमा पनि दोहोरो संवाद गर्न सक्थ्यो । यस बाहेक चिनियाँ भाषा पनि केही जान्दथ्यो । यता म पनि नेपाली, अङ्ग्रेजी र हिन्दी भाषा जान्दथेँ । समस्या कहाँनेर थियो भने उसले जान्ने र मैले जान्ने भाषाको बीचमा मेल थिएन । हामी एकअर्कालाई हेर्थ्यौँ आँखाभरि कतिकति उत्सुकता र उत्साह बोकेर तर तिनको समाधान थिएन । हामी दुवै जना लाटाजस्ता भएका थियौँ । इशाराले समेत कुरा गर्थ्यौँ तर सधैँ इशाराले काम चल्नेवाला थिएन । बिस्केक शहर हेर्न निस्कियौँ हामी । सफासुग्घर फराकिलो बाटो, रूखैरूखको हरियाली, गाडीहरूको चहलपहल, युवायुवतीदेखि विभिन्न उमेरसमूहको ओहोरदोहोर, ठूलाठूला घरहरू - बाटोमा हिँड्दै गर्दा देखिएको पहिलो तस्वीर यही थियो बिस्केकको । बाटोमा कतै पनि दुर्गन्धको अनुभव भएन, कतै पनि अव्यवस्था एवं बेस्याहारको स्थिति देखिएन । सबै सूचनाहरू, साइनबोर्ड र होर्डिङबोर्डहरू कि त रूसी भाषामा थिए कि त किर्गिज भाषामा । अङ्ग्रेजी त साह्रै कम मात्र देखिन्थ्यो छैन भने पनि हुनेजस्तो । कुनै जानकारी वा विषयप्रतिको साह्रै धेरै उत्सुकता बढेपछि म बाटोमा हिँड्नेलाई रोकेर पनि सोध्थेँ । तर अधिकांशले अङ्ग्रेजी जान्दा रहेनछन् । सोचेँ - अक्षरहरूमा हामीले आफ्ना भावना र अनुभूतिहरूले प्राण प्रतिष्ठा गरेनौँ भने ती मृत हुने रहेछन् । मृत शब्दहरू त अर्थहीन हुन्छन् । जोयलले मलाई सबैभन्दा पहिले मोबाइलको सिमकार्ड किन्न लगायो, मेरो मोबाइल सेटमा हालिदियो । त्यसपछि उसको, उसकी दिदी ऐसाल्किन र उसका बुबा उजक अङ्कलको मोबाइल नम्बर सेभ गरिदियो । उसले पनि मेरो सिमको नम्बर सेभ गर्‍यो र फोन गरेर ऐसाल्किनलाई पनि त्यो नम्बर टिपायो । म एक किसिमले ढुक्क भएँ । कहीँ कतै अप्ठ्यारो परेमा उनीहरूसँग सम्पर्क गर्न सक्ने भएँ । जोयल बुद्धिमानी रहेछ, सोचेँ र धन्यवाद भनेँ । ऊ मुस्कुरायो । हामी निकैबेरदेखि चूपचाप थियौँ । उसले एक्कासि भन्यो - 'मैले चुरोट पिएँ भने तिमी माइन्ड गर्छौ ?' 'पिऊ, गर्दिनँ ।' भनेँ । जोयल फेरि मुस्कुरायो र खुरुर्र गएर नजिकैको पसलबाट दुई बट्टा चुरोट किन्यो । हिँड्दाहिँड्दै हामी अमेरिकन विश्वविद्यालयछेउ पुग्यौँ । जोयलको बुबा यसै विश्वविद्यालयको प्राध्यापक हो । त्यहाँ किशोरकिशोरीदेखि युवाहरूको चहलपहल अत्यधिक थियो । उनीहरूको उन्मुक्त हाँसो र हिँडाइको लचकता एकदम आकर्षक थियो मलाई आफ्नो विद्यार्थी जीवन सम्झाउन पर्याप्त । उनीहरूको भेषभूषा, युवा र युवतीको संयुक्त समूह बनेको, दुईदुई जना भएर हिँडेको, जिस्केको देख्दा झन्डै नब्बे प्रतिशत जनता इस्लाम भएको देशमा आएको सम्झनै हुँदैन थियो । जोयलको बुबाले हरेक साँझ अलिकति भोड्का पिएर सुत्न गएको देख्थेँ । मलाई जोयलसँग हिँड्दा होस् वा उसको घरमा बस्दा होस्, मुसलमानसँग छु भन्ने कहिल्यै लागेन । हामी नेशनल लाइब्रेरी आइपुग्यौँ । नेशनल लाइब्रेरीमै त हो २७ तारिकमा इन्टरनेशनल पेनको समितिहरूको बैठक हुने । सोभियतकालीन त्यस विशाल पुस्तकालय भवनलाई नियालेर हेरेँ । बिस्केकलाई जति घुम्यो त्यति मभित्रको उत्सुता बढेर आउँथ्यो । मसँग सोध्नलाई अनेक प्रश्नहरू थिए र ती बढ्दै थिए । विभिन्न दृश्यहरूलाई देखाउँदै र घटनाहरूको सम्झना गर्दै जोयल मलाई धेरैभन्दा धेरै जानकारी दिन चाहन्थ्यो । ठाउँठाउँमा विशाल मूर्तिहरू थिए । एउटा थियो मानसको । अलिपर चिङ्गिज आइतमाभतको थियो । ती दुवैलाई देखाउँदै उसको राष्ट्रिय हिरो भनेको थियो । यसैगरी, अर्को एउटा मूर्तिलाई देखाएर भन्यो - 'उनी ओकोमाालिभा हुन् सोभियत संघकी । किन प्रख्यात भइन् मलाई थाहा छैन ।' यसैगरी अलिपर ओपेरा थिएटर अघिल्तिरको पार्कको ठूलो मूर्तिलाई देखाउँदै भन्यो - 'माल्दोभा प्रख्यात सङ्गीतकार हुन् ।' बिस्केक शहर अलिधेरै घुमेपछि मलाई बिस्केक वा किर्गिजहरू कलासाहित्यको उच्च सम्मान गर्दा रहेछन् भन्ने लाग्यो । कलासाहित्यको सम्मान गरिने ठाउँ अवश्य पनि सभ्य हुन्छ, हार्दिक र संवेदनशील हुन्छन् मानिसहरू । हामी मरिनस्की ओपेरा एवं ब्याले थियेटरमा थियौँ । मलाई रूसी ब्याले एकदम मन पर्छ । हेर्न मन लाग्यो । काउन्टरमा बसेकी महिलालाई त्यहाँ प्रदर्शन भइरहेको कार्यक्रमबारे सोधेँ । उनले बुझिनन् । म जोयलतिर फर्किएँ । उसमा कुनै प्रतिक्रिया थिएन । फेरि भाषाको पर्खाल खडा भयो तर यसैबेला एउटी पुतलीजस्ती युवती आइपुगिन् । अलमलमा परेको मैले उनलाई हेरेँ । उनी मुस्कुराइन् । मैले त्यही मुस्कानको विश्वासमा सोधेँ - 'तिमी अङ्ग्रेजी बोल्छ्यौ ?' 'तिमीलाई के सहयोग चाहिन्छ भन ।' उनले भनिन् । मैले आफू अक्टुबर २ सम्म बिस्केकमा रहने हुनाले त्यस बेलासम्ममा कुनै १ दिन ब्याले हेर्न चाहेको कुरा भनेँ । उनले काउन्टरकी महिलासँग कुरा गरिन् र मलाई भनिन् - 'अहिले ब्याले छैन रे । यही एउटा नाटक मात्र रहेछ ।' मैले उनलाई धन्यवाद दिँदै त्यहाँ चलिहरको नाटकको पोष्टरमा हेरेँ । त्यो रूसी नाटकको पोष्टर मलाई त्यति आकर्षक लागेन । हामी फर्कियौँ । 'मलाई ब्याले मन पर्दैन ।' जोयलले भन्यो । 'किन ?' सोधेँ । 'यो केटीहरूले हेर्ने विषय हो ।' भन्यो । ब्याले थिएटरको प्राङ्गणमा प्रसिद्ध सङ्गीतकार तोक्तोगको पूर्ण कदको मूर्ति थियो । जोयलले भन्यो - 'उनीले राष्ट्रिय गानको सङ्गीत निर्माण गरेका हुन् ।' नजिकै बाटोपारि कला म्यूजियम थियो । मेरो रुचि त्यतातिर बढ्यो । मैले कतिपल्ट पेन्टिङको प्रदर्शनीहरूबाट कविताको विषय लिएको छु । आखिर पेन्टिङ भने पनि कविता भने पनि दुवै अनुभूति र संवेदनाका कलात्मक अभिव्यक्ति नै हुन् । म कला म्यूजियमतिर बढेँ । जोयल मेरो पछि लाग्यो तर म्यूजियमको मूल गेटको छेउमै पुगेपछि भन्यो - 'मेरो लागि सबैभन्दा दिक्दार लाग्ने विषय हो पेन्टिङ ।' म ठिङ्ग उभिएँ । जोयललाई हेरेँ । ऊ पनि उभियो रूखजस्तो भएर । वास्तवमा कला, साहित्य र सङ्गीतप्रति युवाहरूको रूचि घट्यो भने समाज रूखो र बिरक्त लाग्ने बन्छ । मलाई जोयलको रूचिमा परिवर्तन चाँडै आइदिए हुन्थ्यो भन्ने लाग्यो । क्ला म्यूजियमभित्र जान टिकट काट्नुपर्ने रहेछ । पैसा तिरेर जोयलका लागि दिक्दारी किन्न मन लागेन । साँझ जोयलको बुबा उजक अंकललाई सोधेँ - 'तपाईंको अङ्ग्रेजी यति राम्रो छ । तपाईंकी छोरीको अङ्ग्रेजी त्यति राम्रो छ । जोयलको चाहिँ के भा'को यो ? उसले किन अङ्ग्रेजी नसिकेको ?' उहाँ मज्जाले हाँस्नुभयो । एकछिनपछि भन्नुभयो - 'म उनीहरूलाई आफ्नो कुरा थोपर्दिनँ । उनीहरू आफ्नै इच्छा अनुसार गर्छन् ।' जोयल चेन स्मोकर रहेछ । एक बट्टा चुरोट त एकैछिनमा पिइसक्ने । मैले उसलाई यति धेरै चुरोट नपिउन भनेँ । ऊ फिस्स हाँस्यो मात्र तर एकछिन हिँडेर एउटा पसलमा गई चुरोटको बट्टा किन्यो । 'तिमी खासमा के काम गर्छौ ?' सोधेँ । 'अहिले त कोरियाली भाषा सिक्दैछु ।' भन्यो । 'किन कोरियाली सिकेको ? अङ्ग्रेजी सिक्नु नि ।' भनेँ । 'म अब कोरिया जान्छु । कम्तिमा २ वर्ष त्यहाँ काम गर्छु । पैसा कमाउँछु, बिस्केक फर्कन्छु र बिहे गर्छु ।' अड्कीअड्की भन्यो ।

***-नेपाली साहित्य डटकम***

कथा ● महेश पौड्याल

## अनामिक यात्री

***कट्टुसको एउटा बोटबाट अर्को बोटमा उडी-उडी खेल्ने गौथलीहरूलाई हेर्दा लाग्थ्यो मानौं ती गौंथलीहरू त्यस कट्टुसधारीलाई एकताको सूत्रमा बाँध्न तल्लिन छन् । ती बूढा अनामिक यात्री, आफ्नो बूढो बोरेझोला लिएर थकित मुद्रामा एउटा कट्टुसको छायामा फ्यात्त बसे । लामो सास फेरेर सिसिमा ठाढो घाँटी लगाएर पानी पिए । उनका आँखा थकित देखिन्थे, यद्यपि त्यहाँ किञ्चित जीवित आशाहरूको आभा मधूरो भएपनि स्पष्ट देखिन्थ्यो ।***

टाढा, हरियो घामलाग्ने देशमा विशाल दिभाङ् नदी सुकेर सानो नालीमा परिणत भएको थियो । जेठको टन्टलापूर घाममा बालुवाको साम्राज्य डिच्च दाह्रा देखाएर पर-परसम्म फैलिएको थियो । छिन्-छिनमा आफ्नो हराउन लागेको सभ्यताबाट टाउको उठाएर पानीसर्प माथी हेर्थ्यो, केही खतरा छ कि भनेर यसो सूँघेजस्तो गर्थ्यो, र पूनः पानी भित्रै विलिन हुन पुग्थ्यो । नदीको किनारमा कट्टुस, युद्धको बेला सिमानामा खटाइएका सैनिक जस्तै सतर्क उभिएका देखिन्थे । कट्टुसको एउटा बोटबाट अर्को बोटमा उडी-उडी खेल्ने गौथलीहरूलाई हेर्दा लाग्थ्यो मानौं ती गौथलीहरू त्यस कट्टुसधारीलाई एकताको सूत्रमा बाँधन तल्लिन छन् । ती बूढा अनामिक यात्री, आफ्नो बूढो बोरेझोला लिएर थकित मुद्रामा एउटा कट्टुसको छायामा फ्यात्त बसे । लामो सास फेरेर सिसिमा ठाढो घाँटी लगाएर पानी पिए । उनका आँखा थकित देखिन्थे, यद्यपि त्यहाँ किञ्चित जीवित आशाहरूको आभा मधूरो भएपनि स्पष्ट देखिन्थ्यो । ढल्न लागेको शरीरमा ढल्न लागेको जीवन, पराजयको सास्वत कथाजस्तो देखिन्थ्यो । उनी एक्लै थिए, नितान्त एक्लै, त्यस अन्जान वनको अपरिचित बाटोमा, अन्जान गन्तव्यतिर निरन्तर अगि सर्दै । "कता जान लाग्नुभो हजुरबा?" पछिबाट आएको यस अपरिचित स्वरले बूढालाई झस्क्यायो । उनले अचम्म मान्दै पछितिर हेरे, उनका आँखामा एक्कासी जीवनका तरङ्गहरू छछल्किन थाले । हुन पनि त्यस निर्जन वनमा मान्छेको आवाज सुन्दा एक अलौकिक आनन्दको अनुभूति किन नहोस? त्यो सानो केटो पनि, लामो र एक्लो यात्रामा बूढै भएपनि सहयात्री पाउँदा दङ्ग देखिन्थ्यो । आफ्नोपनले भरिएको एउटा न्यानो मुस्कानसहित बूढाले भने, "मालिगाउँ हिँडेको बाबु, त्यहाँ मेरो आफ्नै घर छ, मेरो पुरानो घर, मेरै हातले बनाएको ।" यसरी शुरुभायो, गफगाफको सिलसिला । एकले अर्कालाई साथ दिँदै ती दुई यात्री अगि बढे । बाटोमा अब्बर र मिस्मी जातका फटाहा भेटिने खतरा कायमै थियो, र दुईजना भएपछि उनीहरू ढुक्क भए । छोटा-छोटा अन्तरालपछि केटोले बूढालाई केही सोध्थ्यो, र बूढा पनि आफ्नै नातीलाई माया गरेझैं मायालु स्वरमा जवाफ दिन्थे । साठी बर्षका अनुभवहरू, पारम्परिक गाउँले शैलीको भाषामा, सिल्सिलेवर रुपमा फूक्दै गए, केटो पनि गफमा आनन्दित् देखिन्थ्यो । कहिले उनीहरू विश्वयुद्ध पछिको समयको बारेमा चर्चा गर्थे भने कहिले बढ्दो बजार भाउको । जीवन कठिन भएको र अझ कठिन हुँदै जाने सम्भावना रहेकोमा उनीहरू दुबै एकमत् थिए । उनीहरूको गफगाफमा धेरै प्रसङ्गहरू उक्किए, र अन्तमा केटाको एउटा प्रश्नले अन्तरवार्तालाई बूढाको घरफर्काइको विषयमा लगेर ठोक्काइदियो । "हजुरबा, तपाई किन पुरानो घर फर्किन लाग्नुभा, तेही पनि एक्लै, उस्तो खतरा बाटोबाट ?" बूढाको जवाफ लामो थियो, कथामा परिणत भयो । केटो एकाग्र भएर सुन्दै गयो । "सुन बाबु, कथा लामो छ," बुढाले शुरु गरे । इतिहासको कुनै प्राचिन कालखण्डबाट प्रतिध्वनित भएर आएको आवाज जस्तो त्यो आवाज काँपेको थियो । "सुशीलले मेरो छँदाखाँदाको घर भत्काइदियो, " कथा शुरु गरे बूढाले, "मैलै त्यो घर नछाडी हुँदै भएन । अब म आफ्नै घर जान लागेको । " "को सुशील?" "मेरो छोरो, मेरो एकमात्र छोरो ।" केटो अचम्भित देखियो, र उसको चेतनापनि दिग्भ्रमित बन्यो । बूढाको कथा उसको बुझाइको परिधीभन्दा बाहिर भएको अनुभूति भयो उसलाई । उसले केही प्रतिक्रिया जनाउनु अगिनै त्यो दूर्भाग्यको पर्याय बनेको बूढेसकाल बिरहगाथाको अविरल लहरोको रुपमा प्रतिध्वनित हुँदै अगि बढ्यो । "चालीस बर्ष अगाडिको कुरा हो, मलाइ हिजोको जस्तो लाग्छ । त्यो घर बनाउँदा मैले ठूलोचहुरबाट एक्लै काठ बोकेको । काँधभरी दाग अझै आलै छन् । हेर्छौ? इ, लु हेर," भन्दै बूढाले पाखुरा सुर्किए । साँच्चै, चोटले पाछेका पाखुरा र काँध, दागै-दागले भरिएका, फदयविदारक देखिन्थे । "यी दागले झल्झली सम्झाउँछन, मलाई ती दिन । ढुङ्गा ओसार्दाको कथा छुट्टै छ । मैले त्यसरी बनाएको घर । थुक्क, पापी दैब ! अहिले केही रहेन, सबै स्वाहा पार्यो पाजीले । घर पनि सिद्धियो, म पनि सिद्धिएँ । हे इश्वर !" यस पल्ट केटोले माथी आकाशतिर हेर्‍यो, दिग्भ्रमित दृष्टिले । फेरि उसले बूढाका काँपीरहेका ओठमा हेर्‍यो, ती कम्पनहरूमा लुकेका कथाहरूलाई बुझ्ने दुःसाहस जस्तो । "माथिल्लो तल्लाको भित्री कोठामा मेरो पलङ् थियो । म त्यस कोठालाई मेरो घरको 'मर्मस्थान' भन्थें । एउटा कुनामा मैले मेरो भगवानको मूर्ति राखेको थिएँ, इ, यो भगवानको," भन्दै झोलाबाट पित्तलको शिवको मूर्ति निकालेर केटोलाई देखाए । फेरि मूर्तिलाई झोलामा थन्क्याउँदै भने, "मेरो कोठाको भित्तामा रहेका काठ र ढुङगाहरू मसँग कुरा गर्थे, मलाई माया गर्थे । मलाई सुरक्षाको प्रत्याभूति दिन्थे, र आफ्नोपनको अनुभूति गराउँथे । तिनीहरू मेरा थिए, म तिनीहरूको थिएँ । "जब सुशीलकी आमा बितिन्, म तल्लो तल्लामा सरें । माथी असाध्यै एक्लो भएको अनुभव भयो । समय बित्तै गएपछि, क्याम्पसको सुरु भएको मेरो छोरो सुशीलले भन्यो, "बुवा, यो घर बूढो शैलीको भयो । यसको 'मरम्मत' गर्नु पर्‍यो । साथीहरू आउँदा पनि लाजमर्दो भैसक्यो ।" "मलाई घरको असाध्यै माया थियो, मेरो घर, मैले बनाएको । इ हेरन पाखुरा ! कति सुन्दर थियो मेरो घर, मेरो लागि । मैले आँफै चित्र कोरेर, योजना बानाएर उभ्याएको घर । त्यसलाई परिवर्तन गर्ने कुरा मलाई जँचेन । म केही बोलिनँ, तर मेरो मौनतालाई प्रोफेसरसाबले बुझ्न सकेन । "माघको महिनामा हुनु पर्छ, मेरो मन्दिरका काठ र ढुङ्गा झिकिए, र त्यहाँ नयाँ काठ र ईटा जडान गरियो । त्यसपछि म सुत्ने कोठाको 'मरम्मत' भयो । "ती नयाँ काठ र ईटा मेरा लागि अपरिचित थिए । मैले जोहो गरेका सर्दाम होइनन् ती । मलाई मेरो कोठामा तीनीहरूको उपस्थिति जँचेन । तीनीहरूसंग मेरो संवाद सम्भव भएन । म माझकोठामा बसाईं सरें । "फागुनमा माझकोठाको पनि मरम्मत भयो । ती भित्तामा मेरा आफन्तहरू देखिन छोडे, मलाई म आफैं कतै हराए जस्तो लाग्यो, मेरो शरीरमाथि कसैले बनचरो प्रहार गरेजस्तो लाग्यो । "म त्यसपछि सिकुवामा बसाईं सरें । यो करा प्रोफेसरसाबलाई मन परेनछ कि क्याहो, मसंग आएर कड्क्यो, "यो के जात्रा गर्नुभाको बुवा? मैले यो घरको मरम्मत कस्को लागि गरेको ? तपाईलाई यो उमेरमा आराम दिउँ भनेर लागीपरेको म । तपाई बाहेक मैले स्याहार पुर्‍याउनु पर्ने को छ र संसारमा? तपाई एउटा कोठापछि आर्को कोठामा किन यसरी बसाईं सर्नु हुन्छ? यो त असह्रय भो अब त । " "मलाई सम्झना छ," भन्दै बूढा अगाडी बढे, "मैले प्रोफेसरलाई जवाफ दिएको थिएँ, 'भित्र गर्मी छ, बाहिर यो सिकुवामा कति शीतल हावा आउँछ । मन कति शान्त हुन्छ यहाँ । ' "यति सुनेपछि ऊ चूप लाग्यो । मूख फर्काएन । एक महिनासम्म मेरो सिकुवाको बास भयो । कति चीसो बतास चल्थ्यो, बाहिर । बेलाबेलामा भँगेराहरू आँपको बोटमा आएर आकाशका जूनतारालाई हेर्दै चिर्बिर गर्थे । पारी दिगन्तबाट शान्त चन्द्रमा मलाई न्यानो साथको अनुभूति दिलाउँथ्यो । "त्यो सिकुवा मेरो थियो । यसमा जडान भएका काठ र ढुङ्गा मेरा थिए, मैले जोडेका । दुईतिर छेकेको माटाको गारो, मैले लाएको । कुनाको जाँतो, मैले खारपानीदेखि बोकेर ल्याएको ढुङ्गो कुँदेर बनाएको। त्यो बेला, दिवाङ् बढेर बहुलाएको थियो । मलाई झण्डै बगाएन । मानबीरेले नसमाएको भए म मास छर्न गैसकेको हुने थिएँ । तर त्यो जाँतो देख्दा म सबै दुःख बिर्सन्थें । मेरो जाँतो । "र अन्तमा," भन्दै बूढाले लामो सास फेरे, अनि अगि बढे, "जे नहुनुथियो, त्यही भयो । म पल्लाघर परसाईकाहाँ गएको थिएँ, बूढासंग गफ गर्न । घर फर्केर आउँदा मेरो सिकुवाको पनि हत्या भैसकेको पाएँ । जाँतो भिरबाट उँधो गुल्ट्याइदिएछ मूर्दाले, तल गएर निबारोको ठुटामा अल्झिएको देखें । युद्धमा मरेको सहिदको लासजस्तो त्यो जाँतो, मेरो जाँतो ।" भक्कानोले बूढाको बाक्य रोक्यो, आँखाभरी आँसु ढल्पलाए । उनी निकैबेर धकार्रिए । "अब त्यो घरमा मेरो केही रहेन । मेरो मन थामिएन । त्यसदिन सम्म मैले मेरो भनेको घर एक्कासी बिरानो भो मलाई । ती नयाँ झ्याल-ढोका खोल्न र बन्द गर्न पनि आउँदैनथ्यो मलाई । "त्यसैले म हिँडे, आज बिहानै । मेरो छोरो उठेकै थिएन । पर मालिगाउँ छ, त्यो मेरो पूर्खेउली गाउँ हो । मैले मुग्लान पस्नु अगि बनाएर छोडेको मेरो घर अझै छ त्यहाँ । म यतिका वर्ष पछि त्यस घरतिर जाँदैन । आहा, मेरो घर !" "मैले त्यसको केही लगिन । मैले लिएर हिँडेको यही एउटा झोला हो । हेर यो झोलामा के-के छ ।" बूढाले बोरेझोला अगि सारे । केटोले मुण्टो निहाराएर झोलाभित्र हेर्‍यो । बूढाका जोडी आँखाबाट टप्प टप्किएका आँसूका थोपा मध्ये एउटा झोलाभित्र खस्यो, र एउटा केटाको सिरमा । झोलाभित्र शिवको मूर्ति थियो, सूर्तिका केही सुकेका पात थिए, र थियो एउटा निकै पुरानो बर्को ।

***-नेपाली कला साहित्य डटकम***

# खोलामा मोटरसाइकलसहित बगेर बेपत्ता युवक मृत फेला




स्याङ्जाको पुतलीबजार नगरपालिका-१स्थित अरौदीखोलाबाट शव बाहिर निकाल्दै प्रहरी।तस्वीर :स्याङ्जा प्रहरी

**स्याङ्जा,** साउन २९/स्याङ्जाको पुतलीबजार नगरपालिका-१ स्थित अरौदीखोलाले मोटरसाइकलसहित बगाएर बेपत्ता बनाएका एक युवकको शव शुक्रबार आँधीखोलामा फेला परेको छ । प्रहरीका अनुसार विहीबार राति पुतलीबजार नगरपालिका-१ स्थित अरौदीखोलाले पुतलीबजार नगरपालिका-३ बाडखोलाका २१ वर्षीय सलिम मगरलाई ग ११ प ८१८३ नम्बरको मोटरसाइकलसहित बगाएर बेपत्ता बनाएको थियो ।

घटना लगत्तै सुरक्षाकर्मीको टोलीले बेपत्ता युवकको खोजी तथा उद्धारका लागि व्यापक खोजतलास थालेको थियो । खोजी कार्यमा जिल्ला प्रहरी कार्यालय स्याङ्जा र सशस्त्र प्रहरी बल नेपाल, ३० नम्बर गुल्म वालिङबाट खटिएको संयुक्त टोली परिचालन भएको थियो । खोजतलासका क्रममा शुक्रबार दिउँसो पुतलीबजार नगरपालिका-१३ स्थित गैरीजागर क्षेत्रमा आँधीखोलाभित्र मगर मृत अवस्थामा फेला परेका प्रहरी नायव उपरीक्षक रमेश दत्त अवस्थीले बताए ।

मृतक मगरको शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल स्याङ्जा पठाइएको छ । घटनाको प्रकृति, दुर्घटनाको कारण तथा अन्य आवश्यक विषयमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ । अविरल वर्षाका कारण खोलानाला तथा नदीमा पानीको बहाव बढिरहेको अवस्थामा यस्तो घटना भएको हो । सुरक्षाकर्मीले वर्षायाममा खोलानाला तथा नदी पार गर्दा विशेष सावधानी अपनाउन आग्रह गरेका छन् । घटनाबारे थप अनुसन्धान भइरहेको र अनुसन्धानपछि घटनाको विस्तृत विवरण खुल्ने प्रहरीले जनाएको छ ।

## दुर्घटना र विपद्को ...

...बिनयी त्रिवेणी गाउँपालिका-७ ब्यारेज पुलस्थित नारायणी नदीमा नाम, थर र वतन नखुलेका एक पुरुष पनि मृत अवस्थामा फेला परेका छन् । नवलपरासी पश्चिमको प्रतापपुर गाउँपालिका-२ खजुरा खोला नजिकैको बाटोमा बर्दघाट नगरपालिका-१३ का ४५ वर्षीय दशरथ यादव तथा भक्तपुर नगरपालिका-९ च्यामासिंहस्थित पाटीमा सूर्यमढीका ४१ वर्षीय कृष्णराम कोजु मृत अवस्थामा फेला परेका छन् ।

**पहिरोमा परी ११ जनाको मृत्यु**

यस्तै रोल्पाको थबाङ गाउँपालिका ५ उवा कोरलबाटा गाउँमा गएको पहिरोमा परी १० जनाको ज्यान गएको छ भने ३ जना बेपत्ता भएका छन् । कोटलबारा गाउँको सिरानबाट एक्कासि लेदोसहितको पहिरो खस्दा बिहीबार साँझसम्म पहिरोमा परेर बेपत्ता भएकामध्ये १० जनाको शव भेटिएको छ । तीन जनाको यकिन हुन सकेको छैन । बाजुराको ताम्सुमा पहिरोमा परी एक जनाको ज्यान गएको छ भने २ जना घाइते भएका छन् । सम्बन्धित निकायले घटनाबारे थप अनुसन्धान तथा उद्धार कार्य अघि बढाइरहेका छन् । वर्षायाममा सडक दुर्घटना तथा प्राकृतिक विपद्को जोखिम बढ्ने भएकाले सतर्कता अपनाउन सम्बन्धित निकायले सर्वसाधारणलाई आग्रह गरेका छन् ।

## अवैध लागूऔषध सहित ...

...यस्तै, पोखरा-३२ खुदीखोलाबाट पोखरा-२२ पुम्दीभुम्दीका २१ वर्षीय शौरभ परियारलाई नोर्फिन २०, डाईजेपाम २१ र फेनारगन २० एम्पुल तथा नगद २१ हजार रुपैयाँसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

यस्तै दाङको तुलसीपुर उपमहानगरपालिका-१२ टरिगैका सरद पाण्डे र उनकी श्रीमती भिमा भण्डारीलाई घरबाट ब्राउनसुगरजस्तो देखिने पदार्थ २ सय २० मिलिग्रामसहित पक्राउ गरिएको छ । भक्तपुरको चाँगुनारायण नगरपालिका-२ दुवाकोटमोडबाट काठमाडौं महानगरपालिका-१० अनामनगरका ३२ वर्षीय अजय डंगोललाई ट्रामाडोल ८ सय १२ ट्याब्लेटसहित पक्राउ गरिएको छ । तनहुँको आँबुखैरेनी गाउँपालिका-३ प्रगतिटोलमा मासु पसल सञ्चालन गर्दै आएका ३२ वर्षीय साजन श्रेष्ठलाई ट्रामाडोल ३ सय र प्रोमेथाजाइन ३ सय २५ ट्याब्लेटसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ । त्यसैगरी, झापाको भद्रपुर नगरपालिका-५ नयाँबजारबाट बिर्तामोड-२ गरामनीका २१ वर्षीय अजय रेग्मीलाई ३ ग्राम ११ मिलिग्राम ब्राउनसुगरजस्तो देखिने पदार्थसहित पक्राउ गरिएको छ । भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई प्रहरीले पक्राउ गरेको हो । कैलालीको धनगढी उपमहानगरपालिका-७ जेपी चोकबाट २० वर्षीय अबिनाश चौधरीलाई १ सय ७० मिलिग्राम ब्राउनसुगरजस्तो देखिने पदार्थसहित तथा सुनसरीको इटहरी उपमहानगरपालिका-१७ बाट २५ वर्षीय अस्रफ मियालाई २ सय ३० मिलिग्राम खैरो हेरोइनजस्तो देखिने पदार्थसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेकाहरूविरुद्ध आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

खेलकुद समाचार

## एसियाली खेलकुदका लागि नेपाली खेलाडीको तयारी तीव्र



**काठमाडौं,** साउन २९/जापानको आइची-नागोया क्षेत्रमा आउँदो सेप्टेम्बर १९ देखि अक्टोबर ४ तारिखसम्म आयोजना हुने २० औं एसियाली खेलकुदका लागि नेपाली खेलाडीले तयारी तीव्र पारेका छन् । नेपालबाट क्यानोइङतर्फ धनकुटाका विजय माझी र सिन्धुपाल्चोकका आशिष रानामगरले प्रतिनिधित्व गर्दैछन् । कायक स्लालम र कायक क्रस विधामा प्रतिस्पर्धा गर्ने दुवै खेलाडीले पछिल्लो एक महिनादेखि पोखराको फेवातालमा प्रशिक्षण लिइरहेका छन् । नेपाल र्‍याफ्टिङ एन्ड क्यानोइङ सैका प्रमुख प्रशिक्षक निमबहादुर मगरको प्रशिक्षणमा खेलाडीहरूले प्राविधिक दक्षता, शारीरिक फिटनेस र प्रतिस्पर्धात्मक क्षमता विकासमा ध्यान दिइरहेका छन् । विजय माझीले यसअघि लामो समय तमोर नदीमा र्‍याफ्टिङ गाइडका रूपमा काम गरेका थिए । नदीको तीव्र बहाव र कठिन परिस्थितिमा र्‍याफ्टिङ गराएको अनुभव अहिले क्यानोइङमा उपयोगी बनेको उनको भनाइ छ । प्रशिक्षक मगरका अनुसार खेलाडीलाई प्राविधिक र शारीरिक रूपमा मात्र नभई मानसिक रूपमा पनि अन्तरराष्ट्रिय प्रतिस्पर्धाका लागि तयार पारिएको छ । फेवातालमा भइरहेको प्रशिक्षणले पोखरालाई क्यानोइङ खेलाडी उत्पादन र प्रशिक्षणको सम्भावनायुक्त गन्तव्यका रूपमा स्थापित गर्नसमेत सहयोग पुगेको प्रशिक्षक मगरले बताएका छन् । नेपालले यसपटकको एसियाली खेलकुदमा विभिन्न २२ खेलमा सहभागिता जनाउनेछ ।

**वर्गिकृत डिस्प्ले**

**१X५ साइजमा मात्र**

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## नेप्से परिसूचकमा गिरावट



**काठमाडौं,** साउन २९/ नेपाल स्टक एक्स्चेन्ज (नेप्से) परिसूचक ७ दशमलव ३७ अंक घटेको छ । नेप्सेमा कारोबार हुने साताको अन्तिम दिन शुक्रबारको गिरावटपछि नेप्से सूचक २ हजार ६ सय ४३ दशमलव ८३ अंकमा कायम भएको छ ।

बिहीबार नेप्से सूचक ८ दशमलव ८१ अंक बढेको थियो । शुक्रबार १ सय १ कम्पनीको मूल्य बढेको छ भने १ सय ६४ को घटेको छ । त्यस्तै १२ कम्पनीको मूल्य स्थिर रह्यो । कारोबार रकममा भने सुधार आएको छ । बिहीबारको तुलनामा वृद्धि भएको छ । बिहीबार ३ अर्ब ७२ करोड मूल्य बराबरको कारोबार भएकोमा यसदिन ४ अर्ब २७ करोड बराबरको कारोबार भएको हो । शुक्रबार ३४४ वटा स्क्रिप्सको ९७ लाख ५४ हजार ४०३ कित्ता सेयर ४ अर्ब २७ करोड ५६ लाख ७५ हजार ४०२ रुपैयाँमा खरिदबिक्री भए।कारोबारमा आएकामध्ये १०१ वटा स्टक्सको मूल्य बढ्दा १६४ वटाको घट्यो। १२ वटा स्टक्सको मूल्य भने स्थिर रह्यो । माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट र सर्वोत्तम इन्डस्ट्रिजको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । शिखर खुदी हाइड्रोपावरको सेयर सर्वाधिक १२.८३ प्रतिशतले घट्यो । कारोबार रकमका आधारमा एग्रिकल्चरल बोण्ड शीर्ष स्थानमा रह्यो । सो कम्पनीको ७० करोड मूल्य बराबरको कारोबार भयो । खानिखोला हाइड्रोपावरले १७ करोडको कारोबार गर्दा लिबर्टी इनर्जीको १६ करोड,नगदी ग्रुप पावर र एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्टको १०/१० करोडको सेयर कारोबार भयो । चार समूहको उपसूचक बढ्दा बाँकी अरु समूहको उपसूचक नकारात्मक देखिए ।

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई